# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, चैत २७ गते २०५१ साल (अतिरिक्ताङ्क ५५

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरवारको सूचना १

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी मित्रराष्ट्र भारतको औपचारिक भ्रमणका सिलसिलामा २०५१ साल चैत्र २७ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितमा प्रधानमन्त्रीले गर्ने कार्यहरूका साथै उहाँले सम्हाली आउनु भएको राजदरवार संबन्धी कार्यभार समेत सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय उप-प्रधानमन्त्री तथा रक्षा र परराष्ट्र मन्त्री श्री माधवकुमार नेपालले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय उद्योग र जलस्रोत राज्यमन्त्री श्री हरिप्रसाद पाण्डे सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीको मित्रराष्ट्र भारतको औपचारीक भ्रमणको क्रममा उक्त भ्रमण दलमा सम्मिलित भई २०५१ साल चैत्र २७ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको उद्योग र जलस्रोत मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय वन तथा भू-संरक्षण राज्यमन्त्री श्री शलिम मिया अन्सारीले सम्हाल्नु हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

माननीय वाणिज्य र पर्यटन तथा नागरिक उड्यन राज्यमन्त्री श्री भिमबहादुर रावल सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीको मित्रराष्ट्र भारतको औपचारिक भ्रमणका क्रममा भ्रमण दलमा सम्मिलित भई २०५१ साल चैत्र २७ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको वाणिज्य र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय आवास तथा भौतिक योजना राज्यमन्त्री श्री प्रेमसिंह धामीले सम्हाल्नु हुनेछ ।

## सूचना ४

माननीय स्थानीय विकास र आपूर्ति मन्त्री श्री चन्द्रप्रकाश मैनाली सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारीको मित्रराष्ट्र भारतको औपचारिक भ्रमणका क्रममा उक्त भ्रमण दलमा सम्मिलित भई २०५१ साल चैत्र २७ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको स्थानीय विकास र आपूर्ति मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय गृहमन्त्री श्री के. पी. शर्मा ओलीले सम्हाल्नु हुनेछ ।

## सूचना ५

माननीय कृषि र भूमिसुधार तथा व्यवस्था मन्त्री श्री राधाकृष्ण मैनाली भारत र दक्षिण कोरियाका विभिन्न कृषि अनुसन्धान केन्द्रहरूको अवलोकन भ्रमणका सिलसिलामा २०५१ साल चैत्र २२ गते ती मुलुकहरूतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको कृषि र भूमिसुधार तथा व्यवस्था मन्त्रालयहरूको कार्यभार माननीय अर्थ मन्त्री श्री भरतमोहन अधिकारीले सम्हाल्ने गरी व्यवस्था भएकोमा माननीय अर्थ मन्त्री श्री भरतमोहन अधिकारी पनि नेपाल–चीन अन्तर सरकारी आर्थिक तथा व्यापारिक समितिको सातौं बैठकमा भागलिन २०५१ साल चैत्र २७ गते चीनतर्फ जानुभएकोले कृषि र भूमिसुधार तथा व्यवस्था मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय श्रम र स्वास्थ्य मन्त्री श्री पद्मरत्न तुलाधरले सम्हाल्नु हुनेछ ।



९२७६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ६

माननीय अर्थ मन्त्री श्री भरतमोहन अधिकारी नेपाल-चीन अन्तर-सरकारी आर्थिक तथा व्यापारिक समितिको सातौं बैठकमा भाग लिन २०५१ साल चैत्र २७ गते चीनतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय उप-प्रधानमन्त्री तथा रक्षा र परराष्ट्र मन्त्री श्री माधवकुमार नेपालले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

५५७६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१२२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।